# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
### घर भाडामा लिने बारेको
### सिलबन्दी प्रस्ताव आह्वानको सूचना

(प्रकाशित मिति : २०७२/०२/०५)

यस बैंकको कार्यालय प्रयोजनको लागि देहायम बमोजिमको स्थान वा क्षेत्रमा देहाय अनुसारको सुविधा पुरा भएको घर भाडामा लिनु परेकोले घर भाडामा दिन इच्छुक व्यक्तिले निर्धारित शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलबन्दी प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

| | |
|---|---|
| १ | यो सूचना प्रथम पटक प्रकाशित भएको मिति देखि ७ औं दिनको २:०० वजेभित्र हस्तलिखित निवेदन सहित रु. १० को टिकट टांस गरी खामको वाहिरपट्टी घरवहाल सम्बन्धी सिलबन्दी प्रस्ताव भनी उल्लेख गरी यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, वालुवाटारमा बुझाउनु पर्नेछ । |
| २ | भाडाको लागि प्रस्तावित घर यस बैंकको वालुवाटारस्थित केन्द्रीय कार्यालयदेखि बढीमा ५ कि.मी. को आसपासमा अवस्थित हुनुपर्नेछ । |
| ३ | भाडाको लागि प्रस्तावित भवन वढीमा छ तलाभन्दा बढी हुन नहुने तथा करिव ३०० कर्मचारीसम्मका लागि पर्याप्त हुने २२ हजार देखि ३० हजार वर्गफिट क्षेत्रफल भएको हुनुपर्नेछ । |
| ४ | दिन चाहेको घर माथि उल्लिखित क्षेत्रभित्र मूल सडकसंग जोडिएको पक्की घर हुनुपर्नेछ साथै हालको विनाशकारी भुकम्पबाट क्षति नभइ मान्यताप्राप्त प्राविधिकबाट हरियो स्टिकर प्राप्त गरेको प्रमाणित कागजात भएको हुनुपर्नेछ । |
| ५ | चारकिल्ला प्रमाणित कागजात, जग्गाधनी पुर्जा, प्राकृतिक व्यक्ति भए नेपाली नागरिकताको प्रतिलिपी लगायतका नापनक्सा सहित आफुले दिन चाहेको घरवहाल प्रति महिना प्रति वर्गफिटको हुने मूल्य अंक र अक्षरमा स्पष्ट उल्लेख हुनुपर्नेछ, केरमेट भएमा अक्षरलाई मान्यता दिइनेछ । |
| ६ | भवनको मूल स्वरुपमा उल्लेख्य परिवर्तन नहुने गरी यस बैंकले चाहे अनुसार कोठा निर्माण र सजावट गर्न घरधनीले मन्जुरीनामा दिनुपर्नेछ । |
| ७ | धारा, वत्तिविजुली, पानी, जेनेरेटर, पार्किंग, दुई तलाभन्दा बढीको घर भए चालु अवस्थाको लिफ्टको व्यवस्था भएको हुनुपर्नेछ । |
| ८ | प्राप्त सिलबन्दी प्रस्तावहरु सातौं दिनको ३:०० वजे बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, वालुवाटारमा प्रस्तावकहरुको प्रतिनिधीको रोहवरमा खोलिनेछ । सम्बन्धित प्रतिनिधी उपस्थित नभएमा पनि प्रस्ताव खोल्न बाधा पुग्ने छैन । श |
| ९. | म्याद नाघी वा रित नपुगी दाखिला भएका प्रस्तावहरुलाई कुनै मान्यता दिइने छैन । |
| १०. | घरवहालको अवधि दुई वर्षको हुनेछ । उक्त अवधि आवश्यकता अनुसार शर्त परिवर्तन गरी वा नगरी सम्झौता नविकरण गर्न सकिनेछ । |
| ११. | कुनै पनि शर्त राखी प्रस्ताव पेश गर्न पाइने छैन, प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । |

**सामान्य सेवा विभाग**